प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

**प्रदेश नं. १**

**विराटनगर, नेपाल**

प.सं. : २०७७/७८
च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७८ साल आषाढ १० गते प्रदेश विपद् व्यवस्थापन परिषद्को ५ औं बैठक परिषद्का अध्यक्ष माननीय मुख्यमन्त्री शेरधन राईज्यूको अध्यक्षतामा माननीय मन्त्रीज्यूहरु, प्रदेश सचिवज्यूहरु, सबै सुरक्षा निकायका प्रमुख, प्रमुख जिल्ला अधिकारी, मोरङ्ग समेतको उपस्थितिमा बसी विपद् व्यवस्थापनका सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट भएका काम कारवाहीहरुको समीक्षा गरियो ।

परिषद् बैठकबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट पेश भएको प्रदेश मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना, २०७८ लाई स्वीकृत गरियो । हाल केहि दिनदेखी मनसुन सक्रिय भई मुलुकका विभिन्न भागमा बाढी पहिरोबाट ठूलो जनधनको क्षति भईरहेको र यस प्रदेशमा पनि मनसुनको बेला भारी वर्षा भई बाढी पहिरोबाट क्षती हुन सक्ने कुरालाई आंकलन गरी मनसुन पूर्वतयारी र प्रतिकार्य कार्यलाई जोडतोडका साथ अगाडि बढाउन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई निर्देशन दिईयो ।

त्यसैगरी मनसुन विपद प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ अनुसार प्रदेश सरकारबाट व्यहोर्ने लागत, त्यसबाट सृजना हुने दायित्व र कार्यविधिमा भएका अन्य विषयहरु समेत विस्तृत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन १ महिनाभित्र पेश गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यदल गठन गरियो ।

कमल बहादुर थापा
प्रवक्ता

फोन नं. ०२१-४७०१८० फ्याक्स नं. ०२१-४७२६५३
इमेल : moialprov1@gmail.com Website:www.p1moial.gov.np
यस मन्त्रालयमा पत्राचार गर्दा email प्रयोग गरौं।